नेपाल सरकार

संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**On Board Duty Paid Store संचालन सम्बन्धी कार्यविधि, २०७९**

नेपालका अन्तर्राष्ट्रिय वायुसेवा संस्थाहरुलाई उडानको बखत वायुयानभित्र On Board Duty Paid Shop संचालन गर्न सहजीकरण गर्दै वायुसेवाको अतिरिक्त आम्दानीमा बृद्धि गराउदैं वायुसेवालाई थप सबल, सुदृढ र दिगो बनाउनका लागि र राजश्व संकलन तथा विदेशी मुद्रा आर्जनमा टेवा पुर्याउने उदेश्यले On Board Duty Paid Shop को अनुमति प्रदान र संचालन कार्य व्यवस्थित गर्न वाञ्छनीय भएकाले सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा (१४) बमोजिम मन्त्रालयले देहायको कार्यविधि जारी गरी लागू गरेको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "On Board Duty Paid Store संचालन सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि तुरन्तै लागू हुनेछ ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(ख) "On Board Duty Paid Store" भन्नाले वायुसेवा संस्थाले उडानरत विमानमा करयुक्त सामग्री बिक्री गर्न संचालन गरिने पसल सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले On Board Duty Paid Store सम्झनु पर्छ ।

(घ) "विमानस्थल" भन्नाले उडान सुरु हुने नेपालको अन्तर्राष्ट्रिय विमानस्थल सम्झनु पर्छ ।

(ङ) "यात्रु" भन्नाले विमानमा सवार भएका यात्रु सम्झनु पर्छ ।

३) **अनुमति प्रदान गर्नेः** (क) सेवा संचालन गर्न चाहने वायुसेवा कम्पनीले मन्त्रालयबाट अनुमति लिनु पर्नेछ।

(ख) अनुमतिका लागि मन्त्रालयमा सेवा संचालनको आर्थिक तथा प्राविधिक सम्भाव्यता सहितको निवेदन पेश गर्दा कम्तिमा देहायका विषयवस्तु समेटिएको आन्तरिक संचालन कार्यविधि समेत पेश गर्नुपर्नेछ ।

देहायः

अ) खरिद गरिने सामग्रीको बिक्रेता छनौट प्रक्रिया ।

आ) विभिन्न प्रकृतिका सामग्रीको खरिद र गुणस्तर कायम गर्न अवलम्बन गर्ने प्रक्रिया ।

इ) गोदाम व्यवस्थापन तथा वायुयानसम्म ओसारपसारको प्रक्रिया ।

ई) खाद्य बस्तु समेत बिक्री गर्ने भए खाद्य सुरक्षाका लागि अवलम्बन गरिने उपाय ।

उ) उपभोक्ता हकहितको सुनिश्चितता ।

ऊ) सुरक्षाका उपायहरु ।

ए) बिक्रीपश्चात भुक्तानीका उपायहरु ।

ऐ) सरोकारवालाहरुसँगको अन्तर्सम्बन्ध सुदृढ गर्ने विषय ।

(ग) बुँदा ३(ख) बमोजिमको प्राप्त कागजातहरु मूल्याङ्कन गर्दा उपयुक्त देखिएमा मन्त्रालयले निवेदक वायुसेवा संस्थालाई सेवा संचालनका लागि अनुमति प्रदान गर्नेछ ।

४) **विमानस्थलमा सुरक्षा जाँच सम्बन्धी व्यवस्था:** (क) प्रत्येक उडानमा बिक्रीका लागि चलान गरिएका सामानहरु सिल गरी सम्बन्धित विमानस्थलले तोकिदिए बमोजिम सुरक्षा जाँच गराउनु पर्नेछ ।
(ख) यस्तो सामान राख्ने प्रयोजनका लागि विमानस्थल क्षेत्रमा राखिएको गोदामको सुरक्षा सम्बन्धी व्यवस्था विमानस्थलले तोकिदिए बमोजिम हुनेछ ।

४) **भन्सार सम्बन्धीको व्यवस्था:** (क) यस्तो सेवा संचालन गर्ने वायुसेवा संस्थाले बिक्री गर्ने सामग्रीहरुको सूची सम्बन्धित अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार कार्यालयबाट सेवा सञ्चालन गर्नु अगावै पूर्वस्वीकृति लिनुपर्नेछ ।
(ख) हरेक उडानमा बिक्रीका लागि चलान गरिने सामग्रीहरुको विवरण, बिक्री वितरणको विवरण तथा यसरी बिक्री गर्दा भएको आम्दानीको विवरण सम्बन्धित वायुसेवाले जुनसुकै बखत पेश गर्न सक्ने गरि अद्यावधिक राख्नुपर्नेछ ।
(ग) प्रत्येक उडानमा बिक्रीका लागि पठाइने सामग्रीहरु तथा उडान सम्पन्न भएपश्चात गोदाममा फिर्ता ल्याइने सामानको मौज्दातको विवरण पेश गर्ने ढाँचा तथा प्रक्रिया सम्बन्धित भन्सार कार्यालयले तोकिदिए बमोजिम हुनेछ ।
घ) प्रचलित कानूनले बन्देज गरेका सामग्री बिक्री बितरण गर्न पाइने छैन ।

५) **वायुसेवा संस्थाको कर्तव्य र दायित्व:** (क) बिक्री गर्ने सामग्रीको गुणस्तर र यससँग सम्बन्धित उपभोक्ता हक हित तथा अधिकारका विषयमा जिम्मेवार हुनु पर्ने |
(ख) बिक्रीपश्चात यात्रुलाई भुक्तानी भएको रकम स्पष्ट उल्लेख भएको आधिकारिक बिल जारी गर्नु पर्ने।
(ग) यस्तो सेवा संचालन सम्बन्धमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, मुल्य अभिवृद्धि कर ऐन, २०५२, आयकर ऐन, २०५८ र सो अन्तर्गत बनेका नियमावली, कार्यविधि एवं निर्देशिकाहरुमा भएका व्यवस्थाहरु र यस कार्यविधिले तोकेका र प्रचलित कानूनको पूर्ण पालना गर्नुपर्ने।
(घ) बुँदा (ग) बमोजिम विभिन्न निकायहरुलाई आवश्यक पर्ने विवरण तथा कागजात तत्काल पेश गर्न सक्ने गरी अद्यावधिक राख्नु पर्ने ।
(ङ) सेवा संचालनको प्रगति विवरण त्रैमासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्ने ।
(च) यो कार्यविधिको पालना गर्नु सेवा संचालन गर्ने वायुसेवाको कर्तव्य हुनेछ ।
(छ) नेपाल नागरिक उड्डयन प्राधिकरण, विमानस्थल सेवा, शुल्क नियमावली, २०७८ को पूर्ण पालना गर्नु पर्ने ।
(ज) ICAO security manual (DOC 8973/R) को पूर्ण पालना गर्नु पर्ने ।
(झ) ICAO Technical Instructions for the safe transport of dangerous goods by air (Doc 9284) को पूर्ण पालना गर्नु पर्ने ।
(ञ) Flight operation manual/cabin crew manual को पूर्ण पालना गर्नु पर्ने ।

६) अनुगमन सम्बन्धी व्यवस्थाः (क) कार्यविधि पालना भए नभएको सम्बन्धमा मन्त्रालयले समय समयमा अनुगमन गर्न सक्नेछ र पालना नभएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ।